# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

**मुख्य कार्यालय, त्रिपुरेश्वर, काठमाडौं**

## प्रमुख कार्यकारी अधिकृत पदका लागि दरखास्त आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/६/२३)

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडमा रिक्त रहेको प्रमुख कार्यकारी अधिकृतको पद खुल्ला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी पूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यस कम्पनीको मुख्य कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र रीतपूर्वकको दरखास्त पेश गर्न हुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१) **पद :** प्रमुख कार्यकारी अधिकृत

२) **संख्या :** १

३) **आवश्यक न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्जिनियरिङ्ग, व्यवस्थापन, वित्त, वाणिज्य वा सार्वजनिक प्रशासन (एम.पि.ए.) मध्ये कुनै विषयमा कम्तिमा स्नातकोत्तर उत्तीर्ण गरेको र कुनै सरकारी संस्था वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा १० वर्ष कार्य अनुभव हासिल गरेको ।

४) **उमेर :** दरखास्त दिने अन्तिम मितिसम्ममा ३५ वर्ष पूरा भएको र ५५ वर्ष ननाघेको हुनु पर्नेछ ।

५) **पदावधि :** ४ वर्ष

६) **पारिश्रमिक तथा सुबिधा :** काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८० को दफा १४ को अधिनमा रहि कम्पनीको संचालक समितिले तोके बमोजिम हुनेछ ।

७) **काम कर्तव्य र अधिकार :** कम्पनीको प्रचलित नीति, कानून तथा संचालक समितिबाट स्वीकृत कार्यविवरण बमोजिम हुनेछ ।

८) **छनौटको अंकभार :** काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८० को दफा ८ बमोजिम हुनेछ ।

९) **छनौट प्रकृया :**

(क) रीतपूर्वक दर्ता हुन आएका दरखास्तहरू मध्येबाट काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८० मा तोकिए बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारको शैक्षिक योग्यता र अनुभव कार्यविधिको अनुसूची - २ मा उल्लेखित आधार बमोजिम मूल्याङ्कन गर्दा न्यूनतम ४० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरी क्रमशः सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सात जना उम्मेदवारको नाम छनौट गरी वर्णानुक्रमानुसार संक्षिप्त सूची प्रकाशन गरिने छ ।

(ख) संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूले तयार पारेको कार्यपत्र, कार्यपत्रको प्रस्तुतीकरण र अन्तर्वार्तामा प्रदान गरिएको अङ्कमा शैक्षिक योग्यता र अनुभव वापतको अङ्क समेत जोडी योग्यताक्रम अनुसार छानिएका तीन जना उम्मेदवारहरूलाई वर्णानुक्रमानुसार नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिश गरिनेछ ।

(ग) सञ्चालक समितिले सिफारिस भएका उम्मेदवारहरू मध्येबाट अन्तर्वार्ता, विज्ञता समेत परीक्षणका उपयुक्त आधारहरू तय गरी निश्चित मापदण्डको आधारमा सबभन्दा योग्यलाई प्रमुख कार्यकारी अधिकृतको पदमा छनौट गरी नियुक्त गर्नेछ ।

१०) **दरखास्त फाराम बुझाउने तरिका :** उम्मेदवारले दरखास्त फाराम साथ शैक्षिक योग्यता, अनुभव सम्बन्धी कागजात र व्यक्तिगत विवरण छुट्टै खाममा र कार्यपत्र तीन थान तीनवटा छुट्टा छुट्टै खाममा अलग अलग सिलबन्दी गरी पेश गर्नु पर्नेछ । प्रमुख कार्यकारी अधिकृत पदका लागि तयार पारिएको दरखास्त फाराम कम्पनीको वेबसाईट www.kathmanduwater.org बाट डाउनलोड गर्न सकिने छ । उक्त दरखास्त फाराम प्रष्टसँग भरी हालसालै खिचेको पासपोर्ट साईजको फोटो दुई प्रति र देहाय बमोजिमको कागजातको प्रतिलिपी (कार्यपत्र बाहेक) उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ बुझाउनु पर्नेछ ।

(क) शैक्षिक योग्यताको प्रमाणपत्र (विदेशी विश्वविद्यालयको प्रमाणपत्रको हकमा समकक्षता (Equivalent) को पत्र),

(ख) अनुभवको प्रमाणपत्र,

(ग) नेपाली नागरिकताको प्रमाणपत्र,

(घ) उम्मेदवार आफैले प्रमाणित गरेको व्यक्तिगत विवरण (बायोडाटा),

(ङ) निम्न विषयहरू समावेश भएको कार्यपत्र (तीन प्रति),

१) काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड गठन तथा सन्चालन सम्बन्धी कानूनी प्रावधान, कम्पनी र काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड बीच भएको लिज सम्झौतामा उल्लेख गरिएका प्रावधान, सार्वजनिक निजी साझेदारीमा संचालित संस्थाहरूका चुनौतिहरूको विश्लेषण र समाधानका उपायहरू,

२) कम्पनीको सांगठनिक संरचना तथा प्रशासनिक सुधारको कार्ययोजना,

३) चुहावट नियन्त्रण कार्ययोजना,

४) कम्पनीको सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्ययोजना,

५) वक्यौता असुली तथा राजश्व वृद्धि सम्बन्धी कार्ययोजना,

६) गुनासो व्यवस्थापन सम्बन्धी कार्ययोजना,

७) कम्पनीको समग्र सुधार, आन्तरिक सुशासन र सेवा प्रवाह सुधार सम्बन्धी कार्ययोजना,

८) खानेपानी तथा ढल व्यवस्थापनमा नवप्रवर्द्धन (Innovative idea for water and waste water management) योजना ।

९) सूचना प्रविधिको उपयोग गरेर व्यवस्थापन छरितो बनाउने कार्ययोजना ।

११) **कार्यपत्रको विषयवस्तु एवं ढाँचा :** काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको कार्यक्षेत्र (Scope), कार्य संचालनको हालको अवस्था, समस्या, चुनौति, अवसरहरू, उम्मेदवारले गरेका अनुकरणीय कार्यहरू तथा यस सूचनाको बुँदा नं. १० (ङ) मा उल्लेखित कार्ययोजनाहरू समेत समावेस भएको ४ वर्षे व्यवसायिक योजना सहितको कार्यपत्र (सात हजार शब्दमा नबढ्ने गरी) दरखास्तसाथ पेश गर्नु पर्नेछ । कार्यपत्र अंग्रेजी र नेपाली दुबै भाषामा A4 साईजको कागजमा एकातर्फ मात्र टाईप गरिएको हुनु पर्नेछ । कार्यपत्रको कभरपेजमा कार्यपत्रको विषय एवं कार्यपत्र लेखकको नाम लेखि दस्तखत गर्नु पर्नेछ । कार्यपत्रको अन्य पेजहरूमा आफ्नो नाम, संकेत वा परिचय खुल्ने खालको कुनै पनि संकेत गर्न पाईने छैन । यस्तो गरेको पाईएमा कार्यपत्र रद्द गरी त्यसपछिको प्रकृयामा सहभागी गराईने छैन ।

१२) **दरखास्त बुझाउने अन्तिम मिति :** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तीसौं दिनभित्र कार्यालय समयमा कम्पनीको मुख्य कार्यालय, त्रिपुरेश्वरमा रहेको कम्पनी सचिवको कार्यालयमा दरखास्त बुझाउनु पर्नेछ । दरखास्त बुझाउने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त बुझाउनु पर्नेछ ।

१३) **दरखास्त दस्तुर :** दरखास्त दस्तुर वापतको रु.१०,०००।०० (दश हजार) फिर्ता नहुने गरी कम्पनीको नबिल बैंकमा रहेको चल्ति हिसाब नम्बर ०२०१०१७५०१६१६ मा जम्मा गरेको बैंक भौचर एक प्रति दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

१४) **संक्षिप्त सूची, कार्यपत्र प्रस्तुतिकरण तथा अन्तर्वार्ताको सूचना :** संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूको नामावली र कार्यपत्र प्रस्तुतिकरण तथा अन्तर्वार्ताको मिति, समय र स्थानका बारेमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुको साथै कम्पनीको वेबसाईटमा समेत राखिने छ ।

१५) **आवश्यक सूचना तथा जानकारी :** काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८०, कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली, प्रमुख कार्यकारी अधिकृतको कार्यविवरण लगायत कम्पनीको आधारभूत जानकारीहरू कम्पनीको वेबसाईट www.kathmanduwater.org बाट प्राप्त गर्न सकिने छ । यस विषयमा थप बुझ्नु पर्ने भएमा कम्पनीको मुख्य कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस समिति**

**काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड**

**मुख्य कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, सम्पर्क नम्बर : ९८५१०१२९२५**